# गण्डकी प्रदेश सभा

## सातौ अधिवेशन

## बैठक संख्या -२

## सूचनापत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**मिति २०८१ साल फागुन २ गते, शुक्रवार**

---

गण्डकी प्रदेश सभाको आजको बैठक माननीय सभामुख कृष्ण प्रसाद धितालको अध्यक्षतामा दिनको २:०० बजे प्रारम्भ भयो।

तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराबाट मन्त्रिपरिषद् गठन तथा कार्यविभाजन सम्बन्धी पत्र पढेर सुनाउनुभयो।

तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराबाट केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण सम्बन्धी पत्र पढेर सुनाउनुभयो।

तत्पश्चात माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालय, गण्डकी प्रदेश, पोखराबाट मन्त्रिपरिषद्को मर्यादाक्रम हेरफेर सम्बन्धी पत्र पढेर सुनाउनुभयो।

तत्पश्चात अधिवेशन प्रारम्भको अवसरमा माननीय सदस्य श्री गोबिन्द बहादुर नेपाली, माननीय सदस्य श्री पञ्चराम गुरुङ, माननीय सदस्य श्री हरि बहादुर चुमान, माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले सभालाई सम्बोधन गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले **"गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको अध्यादेश"** लाई अस्वीकार गर्ने सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउनुभयो।

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले गण्डकी प्रदेश सरकारबाट जारी भएको "गण्डकी प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्न बनेको अध्यादेश" लाई स्वीकृत गरियोस् भनी प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो।

तत्पश्चात माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले **"प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको चौंथो वार्षिक प्रतिवेदन, २०८०/०८१"** सभा समक्ष प्रस्तुत गर्नुभयो र माननीय सभामुखले उक्त प्रतिवेदनलाई छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस भनी प्रस्ताव प्रस्तुत गर्नुभएकोमा उक्त प्रस्ताव स्वीकृत भयो।

तत्पश्चात माननीय आर्थिक मामिला मन्त्री डा. टकराज गुरुङले "सामयिक कर असूल गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रस्तुत गर्नुभयो।

तत्पश्चात माननीय उद्योग तथा पर्यटन मन्त्री श्री मित्रलाल वस्यालले "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" प्रस्तुत गर्नुभयो ।

तत्पश्चात माननीय सभामुखले गण्डकी प्रदेश सभा नियमावली, २०८० संशोधन मस्यौदा समितिको कार्य अवधि २०८१ साल असोज मसान्त सम्म रहेकोमा २०८१ साल फागुन २५ गते सम्म थप गर्नका लागि प्रस्ताव गर्नुभएकोमा उक्त प्रस्ताव स्वीकृत भयो।

तत्पश्चात माननीय सभामुखले माननीय श्री अशोक कुमार श्रेष्ठलाई सामाजिक विकास तथा कृषि समितिबाट अर्थ तथा विकास समिति र माननीय सदस्य श्री सुनिता थापालाई सामाजिक विकास तथा कृषि समितिको सदस्यको जिम्मेवारी तोकी मनोनयन गर्न प्रस्ताव पेश गर्नुभएकोमा उक्त प्रस्ताव सर्वसम्मतीले स्वीकृत भयो ।

तदनन्तर सभाको अर्को बैठक मिति २०८१ साल फागुन ८ गते दिनको १ बजे बस्नेगरी दिनको ३:०४ बजे स्थगित भयो।

......................

(हरिराज पोखरेल)

प्रदेश सभा सचिव